<u>प्रयोग गर्नुपूर्व जाँच गर्नुहोस्</u>

# संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्त नवी पिल्ले
## प्रेस वक्तव्य
## २०६५ चैत ९, काठमाडौं

मेरो भ्रमणका क्रममा मलाई गरेको सहयोग तथा विशेषगरी मानवअधिकारसम्बन्धी मुद्दाहरूबारे खुलेर छलफल गर्ने इच्छा देखाएकोमा म नेपाल सरकारलाई धन्यवाद दिन चाहन्छु। म नेपाली जनतालाई पनि उहाँहरूको न्यानो स्वागतका लागि धन्यवाद दिन चाहन्छु।

मेरो भ्रमणका क्रममा मैले राष्ट्रपतिज्यू, प्रधानमन्त्रीज्यू, सभामुखज्यू तथा परराष्ट्रमन्त्रीज्यू र शान्ति तथा पुनर्निर्माणमन्त्रीज्यू लगायत सरकारसँग छलफल गरें। मैले राष्ट्रिय मानवअधिकार आयोगका आयुक्तहरू तथा अन्य राष्ट्रिय मानवअधिकार संस्था, नागरिक समाजका सदस्य, मानवअधिकार उल्लङ्घनका पीडित तथा पीडितका परिवार, राजनीतिक दलका नेता, कूटनीतिक नियोगका प्रतिनिधि तथा संयुक्त राष्ट्रसङ्घका मेरा सहकर्मीहरूसँग पनि भेटघाट गरें। हिजो मैले काठमाडौंबाहिर मध्यमाञ्चलको जनकपुरको भ्रमण गरें।

नेपाली जनताले लोकतन्त्रका लागि गरेको ऐतिहासिक सङ्घर्षको उपलब्धि तथा द्वन्द्व अन्त्य भएयता उनीहरूको देशले गरेको प्रगतिका लागि म नेपाली जनतालाई बधाई दिन्छु। मैले प्रधानमन्त्रीलाई भेट्दा दण्डहीनता र भेदभाव अन्त्य गर्ने तथा सबै नेपालीहरूको मानवअधिकारको सम्मान सुनिश्चित गर्ने उहाँद्वारा व्यक्त प्रतिबद्धताको मैले स्वागत गरें। ऐतिहासिक निर्वाचनमार्फत् नेपाली जनताले प्रधानमन्त्रीमाथि गरेको विश्वासले उहाँलाई विशेष जिम्मेवारी प्रदान गरेको छ। सो प्रतिबद्धता पूरा गर्न तथा नेपाली जनताको विश्वासलाई कायम राख्नमा उहाँको सरकारले गरेको प्रगतिलाई मानवअधिकार परिषद्ले पनि नजिकबाट हेरिरहेको कुरा मैले उहाँलाई बताएँ। जेनेभामा आगामी साता छलफल हुने परिषद्मा प्रस्तुत मेरो प्रतिवेदनमा मैले भनेझैं "नेपालसँग मानवअधिकारसम्बन्धी आफ्ना प्रतिबद्धताहरूलाई कार्यान्वयन गरेर आफूलाई अगुवाका रूपमा प्रमाणित गर्ने ऐतिहासिक अवसरलाई ग्रहण गर्ने वास्तविक सम्भावना रहेको छ। मुख्य कुरा, द्वन्द्वको परिणामस्वरूप धेरै वर्षसम्म वञ्चित र अभावको अवस्था खप्नुपरेका नेपाली जनता आफ्नो मानवअधिकारको सम्मान तथा प्राप्तिका हकदार छन्।"

मेरो भ्रमणका क्रममा मैले द्वन्द्वका दुवै पक्षबाट द्वन्द्वका क्रममा र द्वन्द्वपछि पनि भएका गम्भीर मानवअधिकार उल्लङ्घनबाट आफ्ना प्रियजन पीडित बनेका विभिन्न परिवारहरूलाई भेटें। तिनका कथाहरू रुवान्डाका लागि अन्तर्राष्ट्रिय फौजदारी न्यायाधीकरणमा मैले आठ वर्ष काम गर्दा सुनेका जस्तै थिए र दर्जनौंका घटनाका दुखद स्मरण थिए - परिवारहरू आफू विश्वस्त हुन सत्य चाहन्छन्, आफ्नो जीवनलाई पुनर्निर्माण गर्न उनीहरूलाई परिपूरणको आवश्यकता छ र सबैभन्दा महत्त्वपूर्ण कुरा उनीहरूलाई न्याय चाहिएको छ। नेपालमा यी घटनाहरूमा मानवअधिकारका उल्लङ्घन भएको थियो र अन्तर्राष्ट्रिय कानुनअन्तर्गत परिवारहरूले सत्य थाहा पाउने र न्याय पाउने कुरा सुनिश्चित गर्ने जिम्मेवारी राज्यमा हुन्छ भन्ने कुरामा म जोड दिन चाहन्छु। पीडितका परिवारका मागहरू आकाङ्क्षा मात्र होइनन्, ती कानुनद्वारा बल प्रदान गरिएका छन्। साथै, न्यायका लागि गरिएका यी मागहरू पूरा नभएसम्म र विगत तथा विशेषगरी भइरहेका उल्लङ्घनहरूका लागि जवाफदेहीता सुनिश्चित नगरिएसम्म वास्तविक नयाँ नेपालको उदय हुँदैन र वास्तवमा शान्ति प्रक्रिया जोखिममा पर्न सक्छ।

नेपालस्थित मेरो कार्यालयले द्वन्द्वको अन्तिम चरणमा मानवअधिकारको संरक्षणमा उल्लेख्य भूमिका खेल्यो। त्यसयता उच्चायुक्तको कार्यालय-नेपालले प्रभावकारी रहिरहन परिवर्तित परिस्थितिअनुसार आफूलाई रूपान्तर गरेको छ। हामी बेपत्ता पार्ने कार्यसम्बन्धी आयोगको स्थापना र परामर्श प्रक्रिया - जसमार्फत् विशेषगरी पीडितहरूले सत्य तथा न्यायसम्बन्धी आफ्ना आवश्यकताहरूलाई सम्बोधन गर्ने सही संयन्त्र कस्तो हुन्छ भनी परिभाषा गर्नेछन् - को स्थापनाको पक्षपोषण गरिरहेका छौं। यहाँ भएका मेरा भेटघाटहरूबाट पीडितहरूका आवाज सुन्नु र तिनलाई सम्बोधन गर्नु अत्यावश्यक हुन्छ भन्ने मेरो अनुभवलाई थप बल प्रदान गरेको छ। बेपत्ता पार्ने कार्यसम्बन्धी आयोगका सम्बन्धमा, संसद्को आगामी बैठकमा अध्यादेशको वास्तविक सम्परीक्षण हुने र

सो काम गरिने आश्वासन प्रधानमन्त्रीले मलाई दिनुभयो र मानवअधिकार समुदाय र मेरो कार्यालयद्वारा उठाइएका विशिष्ट प्रावधानसम्बन्धी चासोहरूलाई ध्यान दिन त्यसमा संशोधन गरिने कुरा सुनिश्चित गर्न म सरकारलाई जोरदार आग्रह गर्न चाहन्छु।

भेदभावको अन्त्य गर्ने र आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको उपभोगलाई प्रवर्द्धन गर्ने प्रयासहरूलाई सहयोग गर्न मेरो कार्यालयले जारी राखेका कामबारे मैले प्रधानमन्त्रीसँग छलफल गरेँ र यी मुद्दाहरूमाथि उहाँको सरकारले विशेष चासो व्यक्त गरेको छ। यी गतिविधिहरूमध्ये पूर्व बँधुवा मजदुरहरूको हलिया समुदायलाई सशक्तीकरण गर्न सुदूरपश्चिमाञ्चल क्षेत्रको नागरिक समाजसँग काम गर्ने कुरा पनि पर्छ। भेदभाव र आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार उच्चायुक्तको कार्यालय-नेपालद्वारा पहिचान गरिएका प्राथमिकताका तीनवटा क्षेत्रमा पर्छ। राष्ट्रिय संरक्षण प्रणालीको सुदृढीकरण र जवाफदेहीता तथा कानुनी शासनको प्रवर्द्धन गर्ने कार्य अन्य दुईवटा क्षेत्र हुन्।

उच्चायुक्तको कार्यालय-नेपालका कार्यको संकेन्द्रण फेरिए पनि यसको लक्ष्य फेरिएको छैन। सार्वजनिक प्रतिवेदनलाई अत्यावश्यक उपायका रूपमा लिई मानवअधिकारको प्रवर्द्धन र संरक्षण दुवै गर्ने कार्यादेशले मेरो कार्यालयको विश्वव्यापी कार्यादेशलाई प्रतिविम्बित गर्छ। उच्चायुक्तको कार्यालय-नेपालले नेपालमा भएका परिवर्तन अनुकूल आफूलाई रूपान्तर गरे पनि मानवअधिकारको स्थिति खस्केमा विगतमा हामीले गरेजस्तै काम गर्ने क्षमतालाई हामी कायम राखिरहनेछौँ। राष्ट्रिय मानवअधिकार प्रणाली सो भूमिका निर्वाह गर्न सक्षम हुनु अपरिहार्य छ भन्ने कुरामा मेरो कार्यालय विश्वस्त छ। त्यस सम्बन्धमा, हामीले नागरिक समाज तथा दलित र महिला आयोग र राष्ट्रिय आदिवासी जनजाति महासङ्घजस्ता राष्ट्रिय मानवअधिकार संस्थाहरूलाई सहयोग उपलब्ध गराइरहेका छौँ। फागुनमा हामीले राष्ट्रिय मानवअधिकार आयोगसँगको सहकार्यसम्बन्धी मार्गनिर्देशिका तयार गरी त्यसमा हस्ताक्षर गर्‍यौँ। म आयोगलाई सहयोग गर्न र उल्लेखनीय मात्रामा थन्किएर रहेका उसका सिफारिसहरूलाई शीघ्र सम्बोधन गर्न सरकारलाई प्रोत्साहन गर्छु।

हिजो जनकपुरमा मैले सञ्चारकर्मी र मानवअधिकार रक्षकहरूसँग भेटेँ। उनीहरू संविधान निर्माण प्रक्रियामा नेपाली जनताको सहभागिता सुनिश्चित गर्न दृढ छन्। आफ्नै सुरक्षा उनीहरूको सबैभन्दा ठूलो चुनौतीमा पर्छ। म नेपालीहरूको मानवअधिकारको प्रतिरक्षा गर्न अग्रपङ्क्तिमा रहने पत्रकारलगायतका मानवअधिकार रक्षकहरूको मानवअधिकारको सुरक्षा सुनिश्चित गर्न ठोस कदम चाल्न सरकारलाई आग्रह गर्छु।

अन्ततः म उच्चायुक्तको कार्यालय-नेपालको कार्यादेश थप गर्ने विषयतर्फ मोडिन चाहन्छु। तपाईंहरूलाई थाहै छ, विद्यमान कार्यादेश जेठमा समाप्त भएपछि हामीले तीन वर्षका लागि नवीकरण गर्न अनुरोध गरेका छौँ। मेरो कार्यालयको कामले शान्ति प्रक्रियाका बाँकी चुनौती तथा द्वन्द्वका कारण तथा परिणामका रूपमा रहेका मानवअधिकारसम्बन्धी मुद्दाहरूलाई सम्बोधन गर्ने नेपालका प्रयासहरूलाई सहयोग गर्नेछ भन्ने मलाई विश्वास छ। प्रधानमन्त्रीले कार्यादेश थप गर्ने सम्बन्धमा छलफल भइरहेको र मलाई दुई सातामा निर्णयबारे जानकारी दिने आश्वासन दिनुभएको छ। नेपाली काङ्ग्रेस, नेकपा (एमाले) तथा मधेशी जनअधिकार फोरमका नेताहरू सबैले मलाई यो कार्यादेश थप गर्नेबारे आफ्नो समर्थन रहने आश्वासन दिनुभएको छ। हामीलाई नागरिक समाजको समर्थन छ भन्नेमा पनि हामी विश्वस्त छौँ। यो सुखद समाचारका साथ नेपाल छोड्दा म खुसी छु।

धन्यवाद


**For further information contact Marty Logan, Tel.: 428 0164 (Ext.321); 98510 16922 (mobile), mlogan@ohchr.org, or Chun Gurung, tel: 4280164, ext 320; 98510 16937 (mobile), cgurung@ohchr.org**
**Website: http://nepal.ohchr.org**